सामाजिक विकास मन्त्रालय
बुटवल, नेपाल

पत्र संख्या :-
चलानी नं.:-

## प्रेश विज्ञप्ति

प्रदेश सरकार, प्रदेश नं. ५, सामाजिक विकास मन्त्रालयको आयोजना तथा जिल्ला युवा समिति, रुपन्देहीको समन्वयमा बुधबार भैरहवामा **युवासँग मुख्यमन्त्री कार्यक्रम** सम्पन्न भयो । प्रदेश भित्रका विभिन्न जिल्लाबाट करिब १०० जना युवाहरु उपस्थित भएर माननीय मुख्यमन्त्रीसँग विभिन्न प्रश्न तथा जिज्ञासा राखेका थिए ।

उक्त कार्यक्रममा सहभागी युवाहरुलाई गुणस्तरीय र व्यावसायिक शिक्षा, रोजगारी, उद्यमशिलता र सीप विकास, स्वास्थ्य र सामाजिक सुरक्षा, खेलकूद र मनोरञ्जन तथा युवा परिचालन, सहभागिता र नेतृत्व विकास गरी पाँच वटा विषयहरुमा आधारित रही कार्यक्रम संचालन गरिएको थियो । कार्यक्रममा सहभागी युवाहरुले प्रदेश युवा परिषद गठन, लैङ्गिक विभेद, संस्था नवीकरण, रोजगारी, खेलाडी प्रोत्साहन, कृषि व्यवसायका लागि चक्लाबन्दी र सहुलियतपूर्ण कर्जा प्रवाह, खेल संरचनाको समय सापेक्ष विकास, प्रदेशमा तथ्याङ्कको व्यवस्थापन, कृषि र पर्यटनमा युवाहरुको सहभागिता शैक्षिक ऋणको प्रवाहमा भएको कठिनाई, कृषि भण्डारणको उचित व्यवस्थापन, नीति निर्माणमा युवाहरुको सहभागिता जस्ता विषयहरु उठान गरेका थिए ।

माननीय मुख्यमन्त्रीले पैसा कमाउन विदेश जानुपर्ने बाध्यताको अन्त्य गर्न आगामी बजेटबाट काम अगाडी बढाउने तथा स्वदेशमा भएका सम्भावनालाई छाडेर विदेश जाने मानसिकतालाई राष्ट्रप्रेमको भावना विकास गरेर बदल्ने बताउनुभयो । निर्माणाधिन गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल, नारायणगढ – बुटवल सडक खण्ड विस्तार, बुटवल– पोखरा सडक खण्ड विस्तार, रेलमार्गको विकास जस्ता कार्यहरुले निकट भविष्यमा यस प्रदेशलाई विकासको नयाँ चरणमा प्रवेश गराउने बताउनुभयो । सिमेण्ट उद्योगहरु, लुम्बिनी भ्रमण वर्ष, नयाँ होटलहरुको स्थापना लगायतका क्षेत्रहरु आर्थिक उपार्जन तथा समृद्ध प्रदेश निर्माणको आधारका रुपमा रहेकाले युवाहरु सकारात्मक, दृढ र सीपयुक्त भएर ती क्षेत्रमा लाग्नुपर्नेमा जोड दिनुभयो ।

यस प्रदेशमा पर्याप्त कृषियोग्य जमिन भएकोले कृषिको आधुनिकीकरण र समय सापेक्ष विकास गर्न युवाहरुलाई कृषि क्रान्तिमा जोडिन आह्वान गर्नुभयो । युवाहरुले विदेश जाने मानसिकता परिवर्तन गरेर स्वदेशमै रोजगारी र उद्यम विकासमा सहभागी हुन सके समृद्ध प्रदेश निर्माण गर्न सकिने बताउनुभयो ।

उप-सचिव

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
प्रदेश नं. ५
बुटवल, नेपाल

# सामाजिक विकास मन्त्रालय

**बुटवल, नेपाल**

पत्र संख्या :-

चलानी नं.:-

वित्तीय संस्थाहरुको क्षमता अभिवृद्धि गरी सम्पूर्ण कारोबार बैंकिङ्ग प्रक्रिया मार्फत गर्ने गरी अगाडि बढ्दा आर्थिक पारदर्शिता कायम हुने र प्रदेश समृद्धितर्फ अगाडि बढ्ने बताउनुभयो ।

सामाजिक विकास मन्त्री माननीय सुदर्शन बरालले स्वागत मन्तव्य राख्दै युवाहरुलाई रचनात्मक काममा लैजान प्रदेश सरकारले ठोस कार्यक्रम अगाडि बढाउने तथा युवाहरुको आवश्यकता र सपना सम्बोधन गर्न प्रयत्न गर्ने बताउनुभयो । सामाजिक विकास मन्त्रालयका शाखा अधिकृत विष्णु प्रसाद पन्थीले संचालन गर्नुभएको कार्यक्रममा जिल्ला युवा समिति रुपन्देहीका अध्यक्ष बसन्त ढकालले युवालाई उद्यमशिल बनाउनुपर्ने भन्दै आफ्नो भनाई राख्नुभएको थियो भने कार्यक्रमको समापन अध्यक्षता गर्नुभएका सामाजिक विकास मन्त्रालयका सचिव डा. गोपीकृष्ण खनालले गर्नुभएको थियो ।

२९ फाल्गुण, २०७६

टीकाराम अर्याल
उपसचिव/प्रवक्ता

उप-सचिव